नेपाल लघु वित्त बैंकर्स संघ
Nepal Microfinance Banker's Association
(NMBA)

जि.प्र.का. काठमाडौं
दर्ता नं: ५४१/०६३
दर्ता मितिः २०६३/८/१३
स.क.प.द.नं: २६१८३
स्थायी लेखा नं: ३०२७४५०१६
ठेगानाः का.जि.का.म.न.पा.
वडा नं १०, बिजुलीबजार, काठमाडौं

# प्रेस विज्ञप्ति

नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको ऐन, नियम, कानून र निर्देशनको परिधिमा रही पब्लिक लिमिटेड कम्पनीको रुपमा सञ्चालित लघुवित्त वित्तीय संस्थाहरुले आमजनता बाटै संकलित ठूलो परिमाणको रकम विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गरी दुर्गम क्षेत्रमा बसोबास गर्ने लाखौं विपन्न परिवारहरुलाई सरल र सहज तरिकाले घर दैलोमै वित्तीय सेवा प्रदान गर्दै महत्वपूर्ण योगदान पुऱ्याईरहेको व्यहोरा अवगत नै छ ।

मिति २०८० चैत्र १४ गते बुधबारका दिन दिउँसो २ बजे महुली लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय महुली, सप्तरीमा करिव १०० भन्दा बढि जनाको समूहले कार्यालयमा घेरा हाली प्रवेश गर्न खोज्दा कर्मचारीहरु डराई कार्यालयको ढोका लगाई माथिल्लो तल्लामा रहेको आफ्नो आवासिय कोठामा गई ढोका लगाई बसेको अवस्थामा सुरक्षामा खटिएका प्रहरी समेतलाई नटेरी कार्यालयको मूल ढोका विभिन्न घरेलु हात हतियारले तोडफोड गरि भित्र प्रवेश गरेको र ज्यान मार्ने नै मनसायले ह्याक्सो ब्लेड, भाटा आदि घरेलु हात हतियार प्रयोग गरी कर्मचारी बस्ने कोठा समेतको ढोका फूटाई महिला कर्मचारीलाई समेत भौतिक आक्रमण गरि निर्घात कुटपिट बाट गम्भीर घाईते बनाएको घटना प्रति लघुवित्त वित्तीय संस्थाहरुको छाता संगठन नेपाल लघुवित्त बैंकर्स संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसै गरि मिति २०८० चैत्र ७ गते बिहान ११ः ३० बजे राप्ती नगरपालिका ७ सिक्स ग्रुपमा डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडका कर्मचारी माथि अन्दाजी वर्ष ५३ का शुक बहादुर गुरुङले कुटपिट गरी गम्भीर घाईते बनाएको घटनाको समेत नेपाल लघुवित्त बैंकर्स संघ घोर भर्त्सना गर्दछ ।

लघुवित्त क्षेत्रमा व्याप्त अन्यौलको स्थितिलाई समाधानका लागि लघुवित्त संघर्ष समिति संग वार्ता गरी लघुवित्तको समस्या समाधानका लागि नेपाल सरकारले कार्यदल गठन गरी कार्य गरिरहेको अवस्थामा समेत यस्ता अवाञ्छित गतिविधिले ग्राहकहरु तथा विपन्न वर्गले वित्तीय सेवा सहज रुपमा पाउने अधिकारबाट वञ्चित हुन पुगेको छ । प्रचलित ऐन, कानून बमोजिम स्थापित संस्थाहरुले कानून बमोजिम कारोबार गर्ने अधिकारबाट वञ्चित हुन पुगेकोमा यस संघ खेद प्रकट गर्दछ । वित्तीय संस्थाको कार्यालय भित्र यस्ता किसिमका अराजक प्रवृत्तिलाई तत्काल नियन्त्रण गर्न र दोषीहरुलाई कानुनी दायरामा ल्याउन हामी सम्बन्धित पक्ष सँग जोडदार माग गर्दछौं ।

यस प्रकारका अवाञ्छित गतिविधिहरुलाई तत्काल नियन्त्रण गरि अत्यावश्यक सेवा अन्तर्गत रहेको वित्तीय सेवा नियमित रुपमा सञ्चालनमा रहने वातावरणको लागि सहयोग पुऱ्याई दिनु हुन नेपाल सरकार, नेपाल राष्ट्र बैंक, स्थानिय सरकार तथा सम्वन्धित अन्य निकायहरुमा हार्दिक अनुरोध गर्दछौं ।

ग्राहक र संस्था बिचमा सुमधूर सम्बन्ध कायम गरी ग्राहक संरक्षणको आधारलाई मुख्य प्राथमिकतामा राखी सेवा प्रवाह गर्न लघुवित्त वित्तीय संस्थाहरु सदैव दृढ रहेको कुरा सम्पूर्ण सरोकारवाला निकायहरु तथा ग्राहकहरुमा यस संघ जानकारी गराउन चाहन्छ । साथै, यस्ता किसिमका घटनाहरुबाट कत्ति पनि विचलित नभई आगामी दिनमा पनि निरन्तर रुपमा ग्राहक सदस्यहरुलाई अझ उत्कृष्ट सेवा उपलब्ध गराउने कुराको प्रतिवद्धता पनि व्यक्त गर्दछौं ।

धन्यवाद ।

राम बहादुर यादव
अध्यक्ष

मिति २०८०/१२/१५